मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर १९ गते शुक्रबार ❑ 5 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## घोषित मितिमै निर्वाचन गर्ने लक्ष्यसहित सरकार अघि बढ्दैछ : प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, १८ मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले सरकारले घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने लक्ष्यसहित तयारी गरिरहेको बताउनुभएको छ।

२२औँ ज्यापु दिवसका अवसरमा ज्यापु संस्कृति विकास कोषद्धारा बिहीबार यहाँ आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले फागुन २१ गते हुने निर्वाचनमार्फत सत्ता युवापुस्ताको हातमा हस्तान्तरण गर्दै देशलाई द्रूत विकासको बाटोमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबाट धेरै पाठ सिकिएको



उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले जनआन्दोलनका चाहनालाई पूरा गर्न सबै पक्ष एकजुट हुनु आह्वान गर्नुभयो । "सरकारले आगामी फागुन २१ गते आमनिर्वाचन गराइ युवा शक्तिको हातमा सत्ता सुम्पेर मुलुकलाई तीव्र विकासको मार्गमा लैजानु नै हाम्रो दायित्व हो", उहाँले भन्नुभयो, "त्यसैले घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने लक्ष्यसहित सरकार पूर्णरूपमा तयारीमा जुटिरहेको छ । यस अभियानलाई सफल बनाउन सबै नेपालीको सहयोग अपेक्षा गर्दछु ।" उहाँले ५०० भन्दा बढी गुठीहरूले सम्हाल्दै आएको सांस्कृतिक परम्परा, जात्रा-पर्वलाई संरक्षण र प्रवर्द्धन गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। त्यसका लागि सरकारले सक्दो सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्री कार्कीले दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै संस्कृतिलाई पर्यटनसँग जोडेर अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने क्रममा मौलिक नीतिहरूलाई जोगाउन विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

## २७ औं संस्करणको पोखरा सडक महोत्सव पुष १३ देखि

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

पर्यटकिय राजधानी पोखराको लेकसाइडमा अंग्रेजी नयाँ वर्षको अवसरमा २७ औं संस्करणको पोखरा सडक महोत्सव हुने भएको छ । महोत्सवको तयारी तिब्ररुपमा अघि बढेको आयोजक रेवान पोखराले बिहीबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरेर जानकारी दिएको छ।

पुष १३ गतेदेखि १७ गतेसम्म लेकसाइडको साढे तीन किलोमिटर क्षेत्रफलमा महोत्सवको आयोजना गरिने सो अवसरमा जानकारी दिइयो । 'सडकमै खाउँ, सडकमै नाचौं, सडकमै रमाउँ' भन्ने नाराका साथ आयोजना हुँदै आएको महोत्सवले पोखरालाई आन्तरिक तथा बाह्य पर्यटकलाई अंग्रेजी नया वर्षको गन्तव्य स्थलका रुपमा विकास गरेको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले पत्रकार सम्मेलनमा बताए । कला संस्कृति प्रवर्द्दन गर्न, स्थानीय स्तरमा उत्पादित सामग्रीको बजारीकरणमा सघाउन, पोखरा र लेकसाईडको प्रचारप्रसार, व्यापार बढाउन, पोखराको ब्राण्डिङ गर्न महोत्सव आयोजना गर्न लागिएको कार्यक्रम संयोजक तथा रेवान पोखराका उपाध्यक्ष वसन्त गौतमले जानकारी दिए।

गौतमका अनुसार महोत्सवमा मुख्य आर्कषणको रुपमा विभिन्न जातजातीका लोपोन्मुख साँस्कृतिक कार्यक्रम, मौलिक भेषभुषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, राष्ट्रिय तथा



अन्तराष्ट्रिय खानाको प्रदर्शन, लाइभ कन्सर्ट, खेलकुद तर्फ डुंगा दौड प्रतियोगिता, वेटर रेस, डोरी तान्ने प्रतियोगिता, मःम तथा ससेज खाने लगायत अन्य थप प्रतियोगिताहरु समावेस गरिने छ। सचेतनामुलक सडक नाटक, सेल्फी फोटो बुथलगायत रहनेछन्। त्यस्तै, महोत्सव अवधीभरमा पोखराको पर्यटनको विकास, प्रवर्द्दन, अवसर तथा चुनौतिका विषय केन्द्रीत अर्न्तक्रिया कार्यक्रम पनि हुने संयोजक गौतमले बताए।

महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रालि र सह प्रायोजकमा यति डिष्ट्रिलरी, बोटलर्स नेपाल (तराई) र दि नेपाल डिष्टिलरी प्रालि रहेका छन् । प्रवर्द्धकमा नेपाल पर्यटन वोर्ड, पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, पोखरा भ्रमण वर्ष २०२५ र पोखरा पर्यटन परिषद् रहेका छन् । त्यस्तै सिद्धार्थ बैंक लिमिटेड बैंकिङ पार्टनरमा रहेको छ । म पानी, गृहलक्ष्मी ग्याँस, अन्नपूर्ण केवल कार, रेड बुल सहयोगी संस्थामा रहेको रेवान पोखराका महासचिव बीरेन्द्र शेरचनले जानकारी दिए । महोत्सवमा पोखरा सेरोफेरोको स्थानीय उत्पादित हस्तकला, चित्रकला, मुर्तिकला तथा कृषि, वनस्पती लगायतका कृषि उपजहरुलाई प्राथमिकता साथ प्रदर्शनी गरिने रेवान पोखराका पूर्वअध्यक्ष नरेश भट्टराईले जानकारी दिए।

महोत्सवको अवसरमा पोखराका विभिन्न साहसिक गतिविधि समेटिएको वृत्तचित्र प्रदर्शन, पर्यटकीय गन्तब्यको प्रवर्द्दन गरिने उनको भनाई छ। होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले पोखरा सडक महोत्सवको आयोजना रेवान पोखराले गरेपनि यो महोत्सव सबैको साझा महोत्सव भएको बताए।

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले महोत्सव अवधीभर खानामा गुणस्तर कायम गर्दै बस्ने र खाने कुराको मूल्य आकासिने गरेको गुनासो हरेक वर्ष आउने गरेकाले यस वर्ष विशेष निगरानी राख्न सुझाव दिए। नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले महोत्सवलाई सफल बनाउन पोखरेली पत्रकारको सहयोग रहने प्रतिबद्दता जनाए।

## मधेसमा नयाँ सरकार गठन गर्न सहमति जुटेन

**रासस**
काठमाडौं, १८ मंसिर

मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि भएको सात दलको बैठक बिना निष्कर्ष टुङ्गिएको छ।

नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) दुवैले मधेस प्रदेशमा सरकारको नेतृत्वमा दाबी नछाडेपछि सात राजनीतिक दलबीच सहमति कायम हुन नसकेको हो।

नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीको बैठक बसे पनि सहमति जुट्न नसकेको हो।

जनकपुधामस्थित प्रदेशसभा सचिवालयमा भएको बैठकमा सात दलका नेता तथा प्रदेशसभा सदस्यहरूको उपस्थित रहेको लोसापाका सांसद उपेन्द्र महतोले जानकारी दिनुभयो। मुख्यमन्त्रीका लागि नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्र सोनल मुख्य दाबेदार देखिनुभएको छ।

यादव र सोनल दुवैले विभिन्न दलहरूसँग संवाद पनि अघि बढाउनुभएको छ । मधेस प्रदेश कांग्रेस संसदीय दलका प्रमुख सचेतक कुँवरकान्त झाले अन्य सबै दलले सरकारको नेतृत्व सम्हालिसकेकाले अब कांग्रेसको दाबी स्वाभाविक भएको बताउनुभयो । "प्रदेश प्रमुखले आह्वान गर्नुभएपछि अब सातै दल बसेर नेतृत्वको विषयमा टुङ्गोमा पुग्ने छौँ, कांग्रेसको नेतृत्वमा अब खासै विवाद नहोला," झाले भन्नुभयो । लोसपाका सोनलले यसअघि माओवादी केन्द्र र जनमत पार्टीको चलखेलका कारण आफूले विश्वासको मत प्राप्त नगरेको भन्दै अब सबै मिलेर पुनः आफूलाई मौका दिनुपर्ने बताउनुभयो। जसपा नेपालका मधेस प्रदेश प्रमुख सचेतक रामआशिष यादवले मुख्यमन्त्रीमा कसलाई समर्थन गर्ने भन्नेमा औपचारिक सहमति नभएको बताउनुभयो।

जसपाका प्रमुख सचेतक यादव पाँच वर्षमा पाँच जना मुख्यमन्त्री बनाउँदा धेरै नकारात्मक सन्देश जाने भएकाले अब सरकार बनाउँदा सात दल एक हुनुपर्ने धारणा राख्नुभयो। लोसपाकी नेत्री एवं प्रदेशसभा सदस्य रानी शर्मा तिवारी भने लोसपा नेतृत्वमा बनेको सरकारले विश्वासको मत पाउन नसकेर ढलेका कारण अहिलेको नयाँ कोर्स त्यहीँबाट सुरु हुनुपर्ने बताउनुहुन्छ । दलहरूबीच सहमति जुट्न नसक्दा बैठक बिना निष्कर्ष टुङ्गिएको जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले जानकारी दिनुभयो । यादवले कांग्रेस र लोसपालाई छुट्टै बसेर सहमति गर्न समय दिएको बताउनुभयो । उहाँले आजै अबेर राति भए पनि सात दलको बैठक बस्ने जानकारी दिनुभयो।

प्रदेश प्रमुख सुरेन्द्र लाभले संविधानको धारा, १६८ को २ बमोजिम शुक्रबार ५ बजेसम्म सरकारका लागि दाबी पेस गर्न समयसीमा निर्धारण गर्नुभएको छ । प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार प्रदेशसभा बैठकमा राजीनामा दिनुभएको थियो।

## व्यापार मेलामा बालन नाच, सूचना प्रविधिबारे परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

पोखराको नयाँबजारमा जारी 'नेपाल मणिपाल अस्पताल ३४ औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३ औं क्यान इन्फोटेक २०८२ पोखरा'मा बिहीबार बालन नाच प्रदर्शन गरिएको छ।

हराउँदै गएको बालन नाचको संरक्षण गर्न तथा नयाँ पुस्तालाई यो नाचबारे जानकारी दिन मेलामा बालनलाई प्राथमिकतासाथ प्रस्तुत गरिएको मेलाका सांस्कृतिक उपसमिति संयोजक तथा संघका कार्यसमिति सदस्य ललित कुँवरले बताए । बालन नाचको क्रममा भगवानका लीला र अवतारहरुको वर्णन गरिन्छ। यो नाचका गीतहरु रामायण,महाभारत,कृष्णचरित्र र पुराणहरुमा आधारित हुन्छन् । ती ग्रन्थमा उल्लेखित कथालाई गीतको भाकामा प्रस्तुत गर्ने तथा खैंजडी,मुजुराको तालमा नाच्नु नै बालनको विशेषता हो। यसमा गाउने र नाच्ने फरक समूह हुन्छ। कथा अनुसार राम, लक्ष्मण, सीता, हनुमान, रावण, परशुराम, विष्णु, कृष्ण, कंस आदिको अभिनय सँगसँगै नृत्य पनि देखाइने गरिन्छ।



भगवानको आरतीबाट सुरु हुने भजन भक्तिसंगीतको अनुपम नमूना भएको र गण्डकी प्रदेशमा बढी प्रचलनमा रहेको छ। देवीस्थान भजन समूह हेम्जाले बिहीबार पोखरा प्रदर्शनी केन्द्रमा बालन नाच प्रस्तुत गरेको हो। यो समूहले बालन संरक्षणको लागि विशेष अभियान नै चलाउँदै आएको सचिव झंकनाथ तिम्सिनाले जानकारी दिए । 'लगानीको सम्वर्द्धन, उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने नाराका साथ आयोजित मेला मंसिर २१ गतेसम्म चल्नेछ । पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक,कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य,पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने उद्देश्यले मेलाको आयोजना गरिएको संघका अध्यक्ष गोकर्ण कार्कीको भनाइ छ। क्यान इन्फोटेकअन्तर्गत सूचना-प्रविधिको क्षेत्रसँग सम्बन्धित विभिन्न प्रतिष्ठानहरुले पछिल्लो समयका प्रविधि,दैनिक जीवनलाई अझ सरल बनाउने उपकरणहरु प्रदर्शनी तथा बिक्रीका लागि राखिएको क्यान महासंघ गण्डकीका अध्यक्ष पुरुषोत्तम कुँवरले जानकारी दिए । बिहीबार कृतिम बुद्धीमत्ता (एआई) र यसका सकरात्मक र नकारात्मक पाटाहरुबारे वक्तृत्वकलाको आयोजना गरिएको उनले बताए । मेलामा औद्योगिक उत्पादन, हस्तकला, कृषि, पुष्प, अटो, सूचना तथा प्रविधि,विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुको गतिविधिलगायत दैनिक उपभोग्य वस्तु, घरायसी सरसामान, लत्ताकपडा,श्रृंगारका सामानहरुको बिक्री वितरणको व्यवस्थासमेत मिलाइएको संघका महासचिव शोभा गौतमले जानकारी दिइन्। शुक्रबार मेलाअन्तर्गत सूचना प्रविधिबारे परिसंवाद कार्यक्रमसमेत राखिएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आइटिएफ जे३० टेनिस टुर पोखरा : सिंगल्सतर्फ सेमिफाइनल समीकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर



आइटिएफ जे३० वर्ल्ड टेनिस टुर पोखरा सर्किट-१ अन्तर्गत बिहीबार सम्पन्न ब्वाइज सिंगल्स क्वार्टरफाइनल खेलबाट शीर्ष वरियताका टिङ-हो याङ (ताइपेई), युल हो जुङ (कोरिया), नेपालका प्रनव मानन्धर तथा श्रीलंकाका गानुका फर्नान्डो सेमिफाइनलमा प्रवेश गरेका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी प्रतियोगितामा याङले भारतका फजल अली मिरलाई ७-६(४), ६-४ ले पराजित गर्दै सेमिफाइनल स्थान सुरक्षित गरे । यस्तै, तेस्रो वरियताका जुङले भारतका हर्ष मरवाहालाई ५-७, ६-२, ६-४ ले पराजित गरे । पाँचौं वरियताका नेपाली खेलाडी प्रनव मानन्धरले करन बी थापामाथि ६-२, ६-४ को जित निकाल्दै अन्तिम चारमा स्थान बनाए । छैटौं वरियताका गानुका फर्नान्डोले भारतका प्रतीक श्योरानलाई ४-६, ६-३, ६-३ ले हराउँदै सेमिफाइनलमा प्रवेश गरेका छन् । आइटिएफ जे३० वर्ल्ड टेनिस टुर पोखरा सर्किट-१ अन्तर्गत गर्ल्स सिंगल्स क्वार्टरफाइनल खेलबाट ताइपेईकी के-चिएह ह्सु, भारतकी अनन्या जैन र कार्थिका पद्मकुमार तथा नेपालकी शिवाली गुरुङ सेमिफाइनलमा प्रवेश गरेका छन् । ह्सुले भारतकी शताक्षिका सहायलाई ६-३, ६-४ ले पराजित गरिन् । भारतकी अनन्या जैनले क्यानडाकी नोरा चौधरीलाई ६-१, ६-३ ले हराइन् । तेस्रो वरियताकी नेपाली खेलाडी शिवाली गुरुङले भारतकी रञ्जना संग्रामलाई ६-३, ६-३ ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाइन् । दोस्रो वरियताकी कार्थिका पद्मकुमारले तेजस्वी मन्नेनीमाथि ६-४, ६-३ को जित निकालिन् । आइटिएफ जे३० वर्ल्ड टेनिस टुर पोखरा सर्किट-१ अन्तर्गत ब्वाइज डबल्स सेमिफाइनलमा चौथो वरियताका भारतका फजल अली मिर र हङकङका सेल्विन ट्स्ज युएन वङले भारतका शौनक चट्टोपाध्याय र सिंगापुरका रोबर्ट डोल्यालाई ६-४, ६-१ ले पराजित गर्दै फाइनलमा प्रवेश गरेका छन् । अर्को सेमिफाइनलमा कोरियाका ह्यो जिन हा र युल हो जुङको जोडीले चीनका यान्शुओ पान र जुनलिन सुलाई ६-०, ६-३ ले हराउँदै फाइनल यात्रा सुनिश्चित गरेको छ । त्यस्तै, गर्ल्स डबल्स सेमिफाइनलमा नेपाली खेलाडी शिवाली गुरुङ र ताइपेईकी के-चिएह ह्सुको जोडीले चौथो वरियताका भारतकी शताक्षिका सहायक र न्युजिल्यान्डकी बोइदेही उकिलको जोडीलाई ६-३, ६-४ ले पराजित गर्दै फाइनलमा प्रवेश गरेका छन् । अर्को सेमिफाइनलमा भारतका साउम्या चट्टोपाध्याय र रञ्जना संग्रामले तेजस्वी मन्नेनी र जह्नवी तम्मिनेदीको जोडीलाई १-६, ६-४ र टाइब्रेकमा १०-६ ले हराउँदै उपाधि भिडन्त तय गरेका छन् । मंसिर २७ गते दुई साता सम्म लगातार सञ्चालन हुने आइटिएफ वर्ल्ड टेनिस टुर जे३० सर्किट १ र २ अन्तर्गत १६ देशका ८० खेलाडीहरुको सहभागिता रहेको छ । जसमा ब्वाइजतर्फ ५५ र गर्ल्सतर्फ २५ जना रहेका छन् । प्रतियोगितामा नेपालसहित भारत, चिन, अमेरिका, न्युजिल्याण्ड, ताइवान, बंगलादेश क्यानाडा, अस्ट्रेलिया, कोरिया, युके, सिङ्गापुर, मलेसिया, श्रीलंका, इजरायल, हङकङका खेलाडीहरुको सहभागिता रहेको छ । प्रतियोगितामा १३ वर्ष देखि १८ वर्ष उमेर समुहमा हुने प्रतिष्पर्धाका बिजेताले समान ३० अंक, उपबिजेताले १८ अंक, सेमिफाईनलिष्टले ९ अंक, क्वाटर फाइनालिष्टले ५ र आर-१६ ले २ अंक प्राप्त गर्नेछन् । .त्यस्तै डबल्समा विजेताले २५ अंक उपविजेताले १३ अंक, सेमिफाइनालिष्टले ६ अंक, क्वाटर फाइनालिष्टले ३ अंक प्राप्त गर्नेछन् । प्रतियोगितामा ब्वाइज सिङ्गल्स तथा डबल्स/गर्ल्स सिङ्गल्स तथा डबल्स गरी जम्मा ४ ईभेन्टमा प्रतियोगिता संचालन हुनेछन् । जसमा बिजेता तथा उप-विजेताले प्रमाण-पत्रसहित मेडल प्राप्त गर्नेछन् । प्रतियोगिता सम्पन्न गर्न करिव १७ लाख ८७ हजार खर्च हुने आयोजकले जनाएको छ । प्रतियोगितामा प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति कास्की, पोखरा महानगर पालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशलगायतको सहकार्य रहेको कास्की टेनिसका सचिब भिष्मराज पौडेलले जानकारी दिए ।



म्याग्दीको मुदीगाउँ : म्याग्दीको धवलागिरी गाउँपालिका-४ स्थित भिरालो पाखामा बाक्लो ढुङ्गेघरहरु रहेको रहेको मुदीगाउँ । मगर समुदायको बाहुल्य बसोबास रहेको मुदी धौलागिरि चक्रीय पदमार्गमा समेटिएको छ । तस्बिर : सन्तोष गौतम/रासस

# एमाले महाधिवेशनको उद्घाटनसत्रमा १० हजार स्वयंसेवक परिचालन गरिने

**रासस**
काठमाडौं, १८ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को आसन्न ११औं राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्रमा १० हजार स्वयंसेवक परिचालित हुने भएका छन् । एमालेको ११औं महाधिवेशनको उद्घाटन यही मङ्सिर २७ गते भक्तपुरको सल्लाघारीस्थित खुल्लाचौरमा र बन्दसत्रकाठमाडौँकोभृकुटीमण्डपमा हुने तय भएको छ ।

पार्टीको महाधिवेशनका लागि गठित स्वयंसेवक परिचालन समितिका संयोजक भानुभक्त ढकालका अनुसार उद्घाटनको खुल्लासत्रमा उल्लेख्य जनसहभागिता हुने भएकाले १० हजार स्वयंसेवक परिचालन गर्ने व्यवस्था गरिएको बताउनुभयो ।

संयोजक ढकालका अनुसार महाधिवेशनको बन्दसत्रमा करिब ५०० स्वयंसेवक हुनेछन् । ती स्वयंसेवक पार्टीका विभिन्न २४ जनसङ्गठन र विभिन्न कमिटीबाट माग गरिएको उहाँले बताउनुभयो । एमालेले हालै गठन गरेको राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ)ले पनि स्वयंसेवाको समन्वय गर्नेछ ।

यसैबीच, सल्लाघारीस्थित नेपाल ट्रष्टको १०८ रोपनी क्षेत्रफलमा फैलिएको उक्त चौरमा एमालेका उपमहासचिव एवं महाधिवेशनको जनपरिचालन समितिका संयोजक प्रदीपकुमार ज्ञवालीसहितको टोलीले बुधबार अवलोकन गरेको छ ।

उहाँका साथै एमालेका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतम, केन्द्रीय सदस्य विनोद श्रेष्ठ, भक्तपुर जिल्ला अध्यक्ष वचन देउजा, उपाध्यक्ष एवं बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा, जिल्ला सचिव विष्णु तामाङलगायत सहभागी हुनुहुन्थ्यो । उक्त चौरमा करिब दुई लाख जनसहभागिताको क्षमता गरिएको संयोजक ढकालले उल्लेख गर्नुभयो । उहाँका अनुसार त्यहाँ मञ्च व्यवस्थापन, शौचालयलगायत आवश्यक पूर्वाधार निर्माणका लागि स्वयंसेवक खटिसकेका छन् । उद्घाटनका दिन पूर्वबाट आउने सवरीसाधानलाई जगातीस्थित ईँटा तथा टायल कारखानामा र पश्चिमबाट आउने सवार ीसाधनलाई गट्ठाघरबाट कमेरोटार क्षेत्रमा व्यवस्थापन गरिने उहाँले जानकारी दिनुभयो ।

महाधिवेशनमा आयोजक र निर्वाचित गरी दुई हजार ४०० प्रतिनिधि रहनेछन् । महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म हुनेछ ।

# नेपाल ह्याण्डबल संघ अध्यक्षमा तिमिल्सिना, महासचिवमा पाठक

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर




नेपाल ह्याण्डबल संघको केन्द्रीय अध्यक्षमा पिताम्बर तिमिल्सिना निर्वाचित भएका छन् ।

पोखरामा बिहीबार भएको केन्द्रीय महाधिवेशनबाट आगामी ४ वर्षका लागि तिमिल्सिनाको नेतृत्वमा २१ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएको हो ।

उपाध्यक्षाहरुमा मिठारामअधिकारी,हिमालकुमार श्रेष्ठ र ज्ञानेन्द्र प्रधान निर्वाचित भए । महासचिवमा केशव पाठक निर्विरोध निर्वाचित भए ।

यसैगरी, सचिवमा महेन्द्रबहादुर पुन, कोषाध्यक्षमा तस्बिरा तामाङ, सदस्यमा नारायण अधिकारी, सविता थोकर तामाङ, तेजेन्द्रबहादुर पाण्डे, मेदनीलाल पाण्डे र विशाल बस्नेत सर्वसम्मत् भए । रिक्त पदाधिकारी तथा सदस्यको पछि मनोनीत हुने व्यवस्था रहेको निर्वाचन समिति संयोजक कमल अर्यालले जानकारी दिए ।

संघमा देशभरिबाट बागमती बाहेक ६ प्रदेशका ४८ जिल्लाका प्रतिनिधिले भाग लिएको नवनिर्वाचित महासचिव पाठकले जानकारी दिए । पोखराका तेजबहादुर गुरुङ नेतृत्वको कार्यकाल लामो समय अघि सकिए पनि विविध कारणले महाधिवेशन हुन सकेको थिएन । प्रदेश खेलकुद परिषद् गण्डकीका संस्थापक सदस्य-सचिव समेत रहेका गुरुङले यसअघि दुई कार्यकालसम्म संघको नेतृत्व गरे ।

प्रमुख अतिथि गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले महाधिवेशनको उद्घाटन गर्दै पोखरा पर्यटनको मात्र नभई खेलकुदको पनि राजधानी भएको बताएका थिए । उनले प्रदेश सरकारले खेलकुदलाई पनि निकै महत्वका साथ अगाडि बढाएको उल्लेख गर्दै यसप्रकारका महाधिवेशनबाट आन्तरिक पर्यटनमा पनि टेवा मिल्ने बताए ।

मन्त्री थापाले गत भदौको जेनजी आन्दोलनका क्रममा घूसपैठका कारण सरकारी तथा व्यवसायीहरुका निजी प्रतिष्ठानमा तोडफोड, आगजनी र लुटपाट गरिएको उल्लेख गर्दै दोषीलाई कारबाही गर्नुपर्नेमा जोड दिए । अन्तरिम केन्द्रीय समिति अध्यक्ष तेजबहादुर गुरुङको अध्यक्षतामा भएको महाधिवेशन उद्घाटन सत्रमा अन्तर्राष्ट्रिय ह्याण्डबल संघका प्रतिनिधि मोहम्मद शफिक, राष्ट्रिय खेलकुद परिषद्का सदस्य हिमाल कुमार श्रेष्ठ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# महिला टि-२० विश्वकफ: क्वालिफायर खेल्ने प्रारम्भिक नेपाली टोली घोषणा

**रासस**
काठमाडौं, १८ मंसिर

आइसिसी महिला टि-२० विश्वकपको ग्लोबल क्वालिफायर खेल्ने नेपालको प्रारम्भिक टोली घोषणा भएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले आज २६ सदस्यीय महिला क्रिकेटको प्रारम्भिक टोली घोषणा गरेको हो ।

उक्त टोलीमा इन्दु बर्मा, राजमती ऐरी, सिता राना मगर, सम्झना खड्का, कविता जोशी, रिया शर्मा, सोमु विष्ट, रचना चौधरी, रुबी पोदार, पूजा महतो, कविता कुँवर, रुबिना क्षेत्री, साना प्रविन, अलिशा यादव, इश्वरी विष्ट, रोमा थापा, सोनी पाखिन, बिन्दु रावल, लक्ष्मी साउद, मनिषा उपाध्याय, सीमाना केसी, अनु कडायत, काजोल श्रेष्ठ, किरण कुँवर, अस्मिना कर्माचार्य र ममता चौधरी रहेका क्यानले जनाएको छ ।

टोलीले शुक्रबारदेखि मूलपानी क्रिकेट मैदानमा बन्द प्रशिक्षण सुरू गर्नेछ । बन्द प्रशिक्षणपछि नेपालको अन्तिम टोली घोषणा हुनेछ । आगामी जनवरी १२ देखि फेब्रुअरी १ सम्म नेपालमा आयोजना हुन लागेको ग्लोबल क्वालिफायरमा १० देश सहभागी हुनेछन् । तीमध्ये शीर्ष चार देश इङ्ल्याण्डमा सन् २०२६ को जुनमा हुने महिला टि-२० विश्वकपमा छनोट हुनेछन् ।

ग्लोबल क्वालिफायरको समूह 'ए' मा आयरल्याण्ड, स्कटल्याण्ड, थाइल्याण्ड, अमेरिका र जिम्बाबे छन् भने समूह 'बी' मा नेपालसहित बङ्गलादेश, नामिबिया, नेदरल्याण्ड र पपुवा न्यूगिनी परेका छन् ।


## सडक दुर्घटनाबाट बचौं र बचाऔं ।

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटवेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मुस्ताङमा विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि

**रासस**
मुस्ताङ, १८ मंसिर

मुस्ताङमा सन् २०२४ को तुलनामा सन् २०२५ को ११ महिना अर्थात नोभेम्बरसम्ममा १०.६१ प्रतिशतले विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको छ ।

यहाँ सन् २०२४ को तुलनामा सन् २०२५ को जनवरीदेखि नोभेम्बरसम्म चौध हजार ४११ जना विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) जोमसोमले उल्लेख गरेको छ ।

सन् २०२४ को जनवरीदेखि डिसेम्बरसम्मको १२ महिना अवधिमा सार्क तथा अन्य मुलुकका गरी कूल एक लाख ३५ हजार ७१९ जना विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका थिए । त्यस वर्ष सार्क राष्ट्रबाट एक लाख नौ हजार ५४९ जना र अन्य राष्ट्रबाट २६ हजार १७० जना विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका थिए ।

यसवर्ष अर्थात सन् २०२५ को डिसेम्बर महिना बाँकी रहँदा यहाँ एक लाख ५० हजार १३० जना विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो । उहाँका अनुसार यसवर्षको एघार महिना अवधिमा एक लाख २३ हजार २५३ जना सार्क र २६ हजार ८७७ जना अन्य मुलुकका विदेशी पर्यटकले भ्रमण गरेका छन् । अगस्ट र सेप्टेम्बरमा युवाको जेनजी आन्दोलनको प्रभाव र प्रतिकूल मौसमका कारण विदेशी पर्यटकको सङ्ख्या घट्न पुगेको एक्याप प्रमुख गुप्ताले उल्लेख गर्नुभयो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# एमालेमा पोष्टरबाट कित्ताकाट

नेकपा एमालेको ११ औं महाधिवेशन नजिकिएसँगै नेता-कार्यकर्ताबीच दौडधुप सुरु भएको छ। नेतादेखि कार्यकर्तासम्म कित्ताकाटसहित प्रचारप्रसारमा लागेका छन् ।नेतालाई भन्दा धेरै प्रचारप्रसार पत्रकारलाई लागेको छाएमाले संबद्ध पत्रकार नै दुई कित्तामा लागेर आफ्नो अनुकूलको समाचार प्रबाह गरिरहेका छन । संस्थापन पक्ष अध्यक्ष केपी शर्मा ओली नेतृत्वको विकल्प नरहेको भन्दै प्रचारमा जुटेको छ । त्यस्तै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूह पनि काउन्टरसाथ प्रचारमा उत्रिएका छन् । संस्थापन समूह प्रोष्टर प्रचारमा लागेसँगै पोखरेल समूह पनि सामाजिक सञ्जालमा तातिएका छन् । प्रतिनिधि छनौट सकिएसँगै महाधिवेशन लक्षित प्यानल निर्माण, आकांक्षीहरूको दौडधुप बढेको छ ।

पोखरेलको टीमलाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको समर्थन छ । पुर्व राष्ट्रपति भण्डारी संरक्षक रहेको मदन भण्डारी फाउन्डेसनको कार्यालय नै एउटा गुटको चुनाव कार्यालय बनेको छा केन्द्रमा दुई समूह बनेपछि यसको छाया गाउँसम्म देखिन थालेको छ । संस्थापन पक्षले बनाएका प्रचार सामग्री स्थानीय तहसम्म रहेका उनी पक्षका कार्यकर्ताले प्रचार गरेका छन् भने पोखरेल पक्षले तयार गरेका सामग्री पनि बिस्तारै बाहिर आउन थालेका हुन् । भावी अध्यक्षका लागि ओली-पोखरेल खुलेर मैदानमा उत्रिएसँगै ओलीनिकटकाले ‘ओलीको ब्राण्डिङ’ लाई केन्द्रमा राखेर अभियान चलाइरहेको छ । संस्थापन पक्षका विष्णु पौडेल, शंकर पोखरेल, पीएस गुरुङ, प्रदीप ज्ञवालीलगायतका नेताले ‘मेरो होइन माटोको बोली, फेरि एक पटक केपी ओली’, ‘जोगाउन देशको अस्तित्व पुनः केपी ओलीको नेतृत्व’ जस्ता नारा लेखिएको पोष्टर बनाएर प्रचार गरेका छन् ।

त्यस्तै पोखरेलको समूहकाले ‘जोगाउन लोकतन्त्र र देशको अस्तित्व, एमालेमा दृढ र सन्तुलित नेतृत्व’ लेखिएको पोष्टर सार्वजनिक गरेका छन् । यो समूहका नेताको पोष्टरको पृष्ठभूमिमा मदन भण्डारीको फोटो राखिएको छ । अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, योगेश भट्टराई, गोकर्ण विष्ट, गोकुल बास्कोटासहितले नेतृत्व परिवर्तनको आवाजसहितको पोष्टर प्रचारमा ल्याएका छन् । ईश्वर पोखरेल राखिएको एक पोष्टरमा ‘लोकतान्त्रिक पार्टी समुन्नत देश, नयाँ नेतृत्व नयाँ सन्देश’ नारा लेखिएको छ ।

प्रतिनिधि छनोटसँगै दुवै पक्षमा विभिन्न पदका आकांक्षीको दौडधुप पनि सुरु भएको छ । महासचिवदेखि उपमहासचिव र सचिवसम्म पदाधिकारीमा दर्जनौं आकांक्षी देखिएका छन् । यद्यपि अहिलेसम्म दुवै समूहले प्यानल सार्वजनिक गरेका छैनन् । अहिलेसम्म दुवैतिरको प्यानल घोषणा भएको छैन । उनीहरू ‘पर्ख र हेर’ को स्थितिमा रहेको बताइन्छ । केही नेतालाई आफ्नो पक्षमा पार्न दुवैतिर संवादमा रहेको बताइन्छ ।

एमालेको महाधिवेशन भएपनि केही संचार माध्यम र पत्रकारलाई बढी लागेको छाकेहीले नियोजित रुपमा कसैको समर्थन र कसैको विरोधमा समाचार प्रकाशित प्रसारित गरेका छन।आम निर्वाचनको बेला जस्तै प्रायोजित र नियोजित समाचारको खेती गरिएको छाविश्वासिलो समाचार पाठक ,दर्शकर श्रोताले नपाउने अवस्था छ । दलका कार्यकर्ताले पक्ष लिनु स्वभाविक भएपनि स्वतन्त्र रहनुपर्ने पत्रकार र संचार माध्यम कसैको मुखपत्र र कसैको आरोपपत्र बन्न सुहाउँदैन । मिल्दैन ।महाधिवेशन एमालेको भएपनि चासो एमाले भन्दा फरक दल, शक्ति र स्वार्थ समुहको देखिनुलाई हल्का तरिकाले बुझ्नु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भीम सार्की बने छिटो अर्धशतक बनाउने नेपाली खेलाडी

**रासस**
काठमाडौं, १८ मंसिर

काठमाडौँ गोर्खाजका भीम सार्की दोस्रो संस्करणको नेपाल प्रिमियर लिगमा छिटो अर्धशतक बनाउने नेपाली खेलाडी बनेका छन् । भीमले आज पोखरा एभेन्जर्स विरूद्ध १९ बलमा ५ चौका र ४ छक्कासहित अर्धशतक पूरा गरे ।

एनपिएलमा यसअघि यति छिटो कुनै पनि नेपाली ब्याटरले अर्धशतक प्रहार गर्न सकेका थिएनन् । जारी सिजनमा सुदूरपश्चिम रोयल्समा आबद्ध विदेशी खेलाडी हर्मित सिंहले काठमाडौँ विरूद्ध १९ बलमा अर्धशतक जोडेका थिए ।

हर्मितको उक्त रेकर्ड आज भीमले बराबरीसमेत गरे । यसअघि गत सिजनमा भने जनकपुर बोल्ट्सका जिमी निशमले १८ बलमै अर्धशतक जोडेको रेकर्ड छ । आजको भीमको अर्धशतकसँगै यो संस्करणमा अर्धशतकको सङ्ख्या २९ पुगेको छ । २९ अर्धशतक हिर्काउनेमा २५ खेलाडी सामेल छन् ।

यसअघि जारी सिजनमा चितवन राइनोजका रवी बोपराले तीन, पोखरा एभेन्जर्सका कुशल भुर्तेल र कर्णाली याक्सका प्रियान्क पञ्चालले दुई/दुई अर्धशतक हिर्काएका छन् । सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, ईशान पाण्डे, विराटनगर किंग्सका लोकेश बम, मार्टिन गुप्टिल, बसिर अहमद, पोखराका सुमित बर्माले, जिमी निशम, एडम रोसिङ्टन, चितवनका डेविड मलान र अर्जुन साउद, काठमाडौं गोर्खाजका जोन सिम्प्सन, बेन चार्ल्सवर्थ, कर्णालीका मार्क वाट, लुम्बिनीका डार्सी सर्ट, जनकपुर बोल्ट्सका वायन पार्नेल, सञ्जय कृष्णमूर्ति, माज सदाकत, अनिल शाह र आशिफ शेखले एक/एक अर्धशतक हिर्काएका छन् ।

कर्णालीका मार्क वाट र पोखराका एडम रोसिङ्टनले मात्रै जारी प्रतियोगितामा शतक प्रहार गरेका छन् ।

# मादी गाउँपालिका राष्ट्रपति रनिङ सिल्डमा हिमालय मावि प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

कास्कीको मादी गाउँपालिकाको आयोजनामा यहि मसिर १५ देखि १७ गते सम्म संचालन भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ बुधबार सम्पन्न भएको छ ।

प्रतियोगितामा हिमालय माध्यमिक विद्यालय प्रथम भएको छ । पालिकाभित्रका १० वटा माध्यमिक विद्यालयले सहभागिता जनाएको प्रतियोगितामा हिमालय माध्यमिक विद्यालय, वडा नं. ९ ले उत्कृष्ट प्रदर्शन गर्दै ७ स्वर्ण, १ रजत, ३ कास्य पदकसहित सहित प्रथम स्थान हासिल गरेको हो । उक्त प्रतियोगितामा हिमालय मा.विका २७ विद्यार्थीको सहभागिता रहेको थियो ।

यस वर्षको प्रतिस्पर्धामा कुल २२ स्वर्ण, २२ रजत र २३ कास्य गरी ६७ पदक वितरण गरिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख खगेन्द्र



लामिछानेले जानकारी दिनुभयो । प्रतियोगितामा जनकल्याण मा.वि. र हिमालयमिलन मा.वि. ले कुनै पदक जित्न सकेनन् ।

शिक्षा शाखाका लामिछानेले राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगिताले विद्यालयबीच स्वस्थ प्रतिस्पर्धामा जोड दिदै विद्यार्थीहरूको शारीरिक क्षमता, अनुशासन र आत्मविश्वास अभिवृद्धिमा पनि महत्वपूर्ण योगदान गरेको बताउनुभयो । उक्त कार्यक्रमको समापन बुधबार मादी गाउँपालिकाका अध्यक्ष देवीजंग गुरुङले समापन गर्नु भएको थियो ।

प्रतियोगितामा विजयी तथा सहभागी सबै विद्यालयहरूलाई मादी गाउँपालिकाले बधाई तथा शुभकामना व्यक्त गरेको छ ।

यसैगरी विजेता विद्यार्थीलाई हिमालय मा.वि.ले आइतबार सम्मान गर्ने कार्यक्रम रहेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधव प्रसाद अधिकारीले जानकारी दिनुभयो ।

# एक मतदानस्थल थप र दुई स्थानान्तरणका लागि सिफारिस

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ मंसिर

आगामी फागुन २१ को प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी जिल्लामा एक मतदानस्थल थप गर्न र दुई मतदानस्थल स्थानान्तरणका लागि सिफारिस गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालयकाअनुसार मतदाताको बढ्दो सङ्ख्या, भौगोलिक चुनौती र पिछडिएका बस्तीमा पहुँच सहज बनाउन नयाँ मतदानस्थल थप तथा मतदानस्थल सार्न निर्वाचन आयोगसमक्ष सिफारिस गरिएको हो । जिल्ला निर्वाचन कार्यालय प्रमुख यज्ञ रिजालले गलकोट नगरपालिका-११ रत्नलक्ष्मी माध्यमिक विद्यालय रिघाबाट आंशिक मतदाता सारेर मनेवा आधारभूत विद्यालयलाई मतदानस्थलका रूपमा थप गर्न सिफारिस गरिएको बताउनुभयो ।

रिघामा हाल रहेका दुई हजार ८०० मतदातामध्ये एक हजार १९० मतदातालाई मनेवा आविमा ल्याएर मतदानस्थलको रूपमा कायम गर्न सिफारिस गरिएको रिजालको भनाइ छ । त्यसैगरी बागलुङ नगरपालिकाको एक मतदानस्थल र बडिगाड गाउँपालिकाको एक मतदानस्थललाई पूर्वाधारको अभाव तथा भौगोलिक चुनौतीका कारण स्थानान्तरण सिफारिस गरिएको जनाइएको छ । बागलुङ नगरपालिका-८ सिगानाको मतदानस्थल र बडिगाड गाउँपालिका-१० को मतदानस्थललाई पायक पर्ने स्थानमा स्थानान्तरण गर्न लागिएको हो । बागलुङ नगरपालिका-८ सिगाना वडाकार्यालयको मतदान केन्द्रलाई सिगाना स्वास्थ्य चौकीमा सार्ने योजना बनाइएको छ । वडा कार्यालयमा मतदानस्थल साँघुरो भएकाले सार्ने सिफारिस गरिएको हो । बडिगाड गाउँपालिका-१० साविकको वडा कार्यालयमा भएको मतदानस्थल रनामस्थित नयाँ वडा कार्यालयमा सार्न सिफारिस गरिएको निर्वाचन कार्यालय प्रमुख यज्ञ रिजालले बताउनुभयो । सिफारिस गरिएको नयाँ मतदानस्थल र स्थानान्तरणको विषयमा आयोगको निर्णय भने आउन बाँकी छ । सिफारिस गरिएको मतदानस्थल स्वीकृत भएमा यस अघिको निर्वाचनमा १०६ मतदातस्थल रहेको जिल्लामा जिल्लामा १०७ मतदानस्थल हुनेछ । गत निर्वाचनमा २३१ मतदान केन्द्र थिए भने बढेको मतदाता सङ्ख्याको आधारमा आयोगले केन्द्रसमेत थपेर पठाउनेछ । जिल्लामा यस अघि एक लाख ८९ हजार १७३ जना मतदाता रहेकामा हाल पाँच हजार ९९३ मतदाता थपिएका छन् ।

# धवलागिरिमा एक सय २९ योजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ मंसिर

जिल्लाको धवलागिरि गाउँपालिकाले चालु आर्थिक वर्षमा कार्यान्वयन गर्ने एक सय २९ वटा आयोजना तथा कार्यक्रम छनोट गरेको छ ।

गत असारमा भएको २४औं गाउँसभाले पुँजीगत शीर्षकमा पूर्वाधारतर्फ रु १० करोड ७५ लाख, वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु ५२ लाख, आर्थिक विकासतर्फ रु ५२ लाख पाँच हजार र सामाजिक विकासतर्फ रु दुई करोड १५ लाख १६ हजार बजेट बिनियोजन गरेको थियो । गाउँपालिकाले बजेट विनियोजन गरेका एक सय एक, सङ्घीय र प्रदेश सरकारका हस्तान्तरित, समपूरक र विशेष अनुदानका नौ तथा प्रधानमन्त्री रोजगार कार्यक्रमका १९ वटा योजना रहेका प्रमुख प्रशासकीय अधिकृत बिष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

पूर्वाधारतर्फ सडक निर्माण, स्तरोन्नति, पदमार्ग, खानेपानी, नदी तथा पहिरो नियन्त्रण, ढल व्यवस्थापन, भवन, विद्यालय पूर्वाधारलगायत योजना छन् । दुई वटा योजनाको ठेक्का आह्वान र १३ वटा योजनाको उपभोक्ता समितिसँग सम्झौता भएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो । उहाँका अनुसार रु १० लाखभन्दा कम बजेटका योजना उपभोक्ता समिति र सोभन्दा बढीका ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने नीति पालिकाले लिएको छ ।

यही मङसिरभित्र योजना सम्झौता गरी चैतसम्म अन्तिम भुक्तानी गर्ने लक्ष्य राखिएको शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार उपभोक्ता समितिको सहजताका लागि पालिकाको केन्द्र मुनामा रहेको कार्यालयमा आउन अपायक पर्ने मुदी, मराङ, ताकम र मल्कवाङको वडा कार्यालयमा पुगेर योजना सम्झौता गर्ने व्यवस्था मिलाएको छ ।

यस वर्ष प्रशासकीय भवन, मुदीको वडा र ताकमको अस्पताल भवन निर्माणलाई पूर्णता, गुर्जा र भेडिखाल्टा बस्तीलाई सडक सञ्जालमा जोड्ने योजनालाई प्राथमिकतामा राखिएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो ।

जलजलामा पर्यटन महोत्सव, स्थानीय मदिराको ब्राण्डिङ र युवालाई बिनाधितो सहुलियत ब्याजदरमा ऋण दिने कार्यक्रम पनि कार्यान्वयन गरिने गाउँपालिकाका उपाध्यक्ष रेशम पुन मगरले बताउनुभयो ।


**रक्तदान जीवनदान**
**जीवनदान महादान**


# एन प्याब्सनको बाल प्रतिभा पहिचान तथा खेलकुद प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

नेसनल प्याब्सन, कास्कीको आयोजनामा हुने दोस्रो बृहत बाल प्रतिभा पहिचान महोत्सव तथा खेलकुद प्रतियोगिता-२०८२ को सम्पूर्ण तयारी पुरा भएको छ ।

बाल प्रतिभा पहिचान मंसिर २४ देखि २६ गते सम्म पोखरा प्रदर्शनी केन्द्र र खेलकुद प्रतियोगिता मंसिर २० देखि २३ गते सम्म पोखरा रङ्गशालामा हुनेछ । कार्यक्रमको औपचारिक उद्घाटन भने मंसिर २४ गते हुनेछ । कार्यक्रम सम्पन्न गर्नका लागि गठित विभिन्न उपसमितिले तयारी पुरा गरेको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए । अधिकारीका अनुसार प्रतियोगितामा एन प्याब्सन कास्कीमा आवद्ध विद्यालयका १ हजार ५ सय विद्यार्थीले विभिन्न विधामा प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगितामा एन प्याब्सनमा आवद्ध ४३ वटा विद्यालयका विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन् । विजेता विद्यालय तथा विद्यार्थीलाई ट्रफि मेडल प्रदान गरिने छ । महोत्सव कास्की तथा छिमेकेकी जिल्लाका निजि तथा सामुदायिक विद्यालयका विद्यार्थी, अभिभावकले समेत अवलोकन गर्न सक्ने भएकाले सहभागिता व्यापक रहने अधिकारीले जानकारी दिए। ‘यो महोत्सव विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्तफुटन मात्र नभई सिकाईको थलो पनि हुने हामीले विश्वास लिएका छौं’ उनले भने, ‘यो महत्वपूर्ण अवसरलाई सदुपयोग गर्नका लागि महोत्सव अवलोकन गर्न सम्पूर्ण कास्कीका विद्यार्थी तथा अभिभावकलाई निमन्त्रणा गर्दछौ ।’ बाल प्रतिभा पहिचान अन्तर्गत सामूहिक लोकनृत्य, एकल गायन, चित्रकला, कविता वाचन, अभिनय, विज्ञान तथा प्रविधि, हस्तकला अन्तर्गत पात, पराल र चोयाबाट निर्मित सामग्रीहरु, र अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगिता रहेको एन प्याब्सन कास्कीका अतिरिक्त क्रियाकलाप प्रमुख राजु कायस्थले जानकारी दिए। अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगितामा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले सहभागिता जनाउने छन् भने अन्य प्रतियोगितामा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको सहभागिता रहने एन प्याव्सन कास्कीका सचिव प्रेमराज अधिकारीले जानकारी दिए । त्यसैगरी खेलकुद तर्फ छात्र क्रिकेट प्रतियोगिता र छात्र फुटसल प्रतियोगिता रहेको छ । क्रिकेट तर्फ कक्षा १ देखि १० सम्मका विद्यार्थीले सहभागिता जनाउने छन् भने फुटसल तर्फ कक्षा ११ र १२ का विद्यार्थीले मात्र सहभागिता जनाउने कोषाध्यक्ष राजु केसीले जानकारी दिए। मंसिर २० गते देखि शुरु हुने क्रिकेट प्रतियोगिताको उद्घाटन खेल अल्फा एकेडेमी र सिद्धार्थ लवडेल बीच हुने भएको छ भने फुटसल तर्फ उद्घाटन खेल नेशनल क्रियशन र न्यू ग्यालेक्सी बीच हुने छ । दुवै खेल पोखरा रंगशालामा हुने छ ।

प्रतियोगिता सम्पन्न गर्नका लागि उपसमिति अन्तर्गत सामूहिक लोकनृत्य प्रतियोगिताको संयोजकमा शिवराज पौडल तथा सदस्यहरुमा पितृराज अधिकारी र विक्रम सुवेदी रहेका छन् । एकल गायन प्रतियोगिताको संयोजकमा अर्जुनप्रसाद अधिकारी तथा सदस्यहरुका हेम रानाभाट, रुद्रप्रसाद अधिकारी साथै सल्लाहकारमा तिलक प्रसाद अधिकारी रहेका छन् ।

त्यसैगरी चित्रकला प्रतियोगिताको संयोजकमा विष्णुप्रसादपौडेलतथासदस्यहरुमा मित्र राई र सुरेशराज पाण्डे रहेका छन्। कविता वाचन प्रतियोगिताको संयोजकमा हरिराज अधिकारी तथा सदस्यहरुमा विक्रम सुवेदी र भुवन पौडेल रहेका छन् । अभिनय प्रतियोगिताको संयोजकमा विक्रम सुवदी तथा सदस्यहरुमा दिपु भारी र अशोक शर्मा रहेका छन् । विज्ञान तथा प्रविधि प्रतियोगिताको संयोजकमा तोलाकान्त न्यौपाने तथा सदस्यहरुमा अजय थापा र शालिग्राम पराजुली रहेका छन् । हस्तकला प्रतियोगिताको संयोजकमा रमेशराज पौडेल तथा सदस्यहरुका गगन गुरुङ र सोमनाथ पौडेल रहेका छन् । अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगिताको संयोजकमा हेम रानाभाट तथा सदस्यहरुमा हरि धमला र मित्र राई रहेका छन् । त्यसैगरी खेलकुद प्रतियोगिता अन्तर्गत क्रिकेट प्रतियोगिताको संयोजकमा ज्ञानेन्द्र बहादुर थापा तथा सदस्यहरुमा हिमाल गुरुङ र देवराज कार्की रहेका छन् । फुटसल प्रतियोगिताको संयोजकमा अर्जुन प्रसाद पाण्डे तथा सदस्यहरुमा ज्ञानेन्द्र बहादुर थापा, हिमाल थापा र सल्लाहकारमा केशवशरण पौडेल रहेका छन् ।

# उधौली लागेसँगै भेँडाबाख्रा लिएर उधो झरे गोठाला

**प्रतीक्षा आले**
गोरखा, १८ मंसिर/रासस



उधौली लागेसँगै लेकका गोठ उधो अर्थात् बेँसीतर्फ झार्न सुरु गरेका छन् । जिल्लामा सबैभन्दा बढी भेँडा पालन हुने चुमनुब्री गाउँपालिका-३ का २५ हजार भेँडाबाख्रा बेँसी झारिएको वडासदस्य विकास गुरुङले जानकारी दिनुभयो ।

चुमनुब्री-३ साविक सिर्दीबास गाविसको पाङसिङ जिल्लाको सबैभन्दा बढी भेँडा पालन हुने गाउँ हो । यहाँबाट दैनिक जगत हुँदै लावालस्कर लागेर भेँडा गोरखा, धादिङ, लमजुङका बेँसीतिर लैजान थालिएको स्थानीय स्वास्थ्यकर्मी लक्ष्मण कार्कीले बताउनुभयो । "बुधबार मात्रै ३०० जति भेँडा तल झारेका थिए । आज तीन जना गोठालाका ३४० वटा भेँडा एकैपटक लावालस्कर लाएर तल झारिरहेका छन्", उहाँले भन्नुभयो, "गोठालाहरू कुकुरसहित टोली बनाएर हिँड्छन् । बाटोबाटो भेँडा बेच्दै गुजारा चलाउँदै वैशाख लागेपछि नबिकेका भेँडाको बथान लिएर गाउँ फर्कन्छन् ।"

पाङसिङका १५० घरधुरीमध्ये करिब ७० घरका किसानले भेँडाबाख्रा पालन गरेका वडासदस्य गुरुङले जानकारी दिनुभयो । "भेँडाबाख्रा लेकको गोठबाट पाङसिङ गाउँमा झार्न थालेको एक महिना भयो । अहिले पाङसिङबाट तल झार्न थालिएको छ", उहाँले भन्नुभयो, "यहाँबाट खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लमजुङतिर झारिन्छ । कोही गोठालाले आर्खेत, आरुघाट, मान्बु हुँदै धादिङसम्म झार्ने चलन छ ।" भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रका अनुसार चुमनुब्रीमा १६ हजार ५०० भेँडा र आठ हजार ५०० बाख्रापालन गरिन्छ । त्यस्तै छ हजार ५०० याक तथा चौरी पालन हुँदै आएको केन्द्रका प्रमुख अनन्त कोइरालाले जानकारी दिनुभयो ।

"लेकको गोठबाट बेँसी झार्ने बेला राम्रो बार हेरेर सुरु गरिन्छ । लेकको गोठबाट पनि एकै दिनमा बेँसी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइपुर्‍याउँछन्", पाङसिङका विकास गुरुङले भन्नुभयो, "गाउँमा झारिसकेपछि यहाँबाट अन्यत्र लैजान चाँही विधिपूर्वक पूजाआजा गरी साइत गर्ने चलन छ ।" अहिले धमाधम गाउँबाट जगत, तातोपानी, खोर्ला, माछाखोला, आरुघाटतिर भेँडा लैजान थालिएको उहाँले बताउनुभयो । "अहिले बेँसी झारिएका भेँडाबाख्रा आगामी जेठ दोस्रो साता उभौली लागेपछि लेकको गोठतिर पुर्‍याउन थालिन्छ", उहाँले भन्नुभयो ।

"शरीरमा बाक्लो रौँ हुने भएकाले याक चाँही लेकमा छोड्छन् । पातलो रौँ हुने भएकाले चौँरी मात्र बेँसी झार्ने चलन छ", चुमनुब्री-७ का वडाध्यक्ष टाँसी दोर्जे लामाले भन्नुभयो, "बेँसी झार्दा पनि र पछि जेठको दोस्रो सातातिर लेक लैजाँदा पनि लामाले साइत हेरेर विधि पुर्‍याएपछि लैजाने चलन छ ।"

भेँडाबाख्रा पालन गर्ने किसान बढी भएकाले चुमनुब्री-३ मा गोठालालाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ । "गोठालालाई प्रोत्साहन गर्न गोठमा जाने बाटो मर्मत, खानेपानीको व्यवस्था, बस्न त्रिपाल, सोलार बत्ती, गमबुट, स्लिपिङ ब्याग वितरण गरेका छौँ", चुमनुब्री-३ का वडाध्यक्ष रामकुमार गुरुङले भन्नुभयो, "गाउँपालिकाको ८० प्रतिशत र गोठालाको २० प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम बर्सेनि गर्दै आउका छौँ ।" पालिकाले किसानलाई प्रोत्साहन दिन कार्यक्रम सञ्चालन गरे पनि बर्सेनि भेँडाबाख्रा पालन गर्ने किसानको सङ्ख्या घटिरहेको उहाँको भनाइ छ ।

# कम्पोस्ट मल बनाउन सिकाउदै हेरालो प्रतिष्ठान

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर



पोखरा ८ मा रहेको हेरालो प्रतिष्ठान कास्कीले पोखरा १५ मा रहेको संगम सहकारीसँगको सहकार्यमा विभिन्न महिला समूह र टोल बिकास संस्थाका कौसी खेतीमा इच्छुक प्रतिनिधिहरुसँग एक कार्यक्रम गरि फोहोरमैला वर्गीकरण गर्दै कम्पोस्ट मल बनाउने सरल विधि सिकाउनुका साथै सहभागी सबैलाई ड्रम समेत उपहार स्वरुप प्रदान गरेको छ ।

हेरालो स्थापना दिवसका अवसर पारेर गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य राख्दै पोखरा १५ का वडाध्यक्ष तोरन बहादुर बानियाँले फोहोरमैला वर्गीकरण गरि कम्पोस्ट मल बनाउने कार्यले पोखरालाई सफा र हराभरा राख्न मद्दत पुग्ने भएकाले यस्ता उदाहरणीय सामाजिक कार्य गर्ने दुबै संस्थालाई धन्यवाद दिए ।

साथै कोइकासँग मिलेर पोखरा महानगरपालिकाले पनि यस्तै कार्य गर्दै आएको र वडा १५ मै पनि चार वटा टोलमा सुरुवात गरिएको जानकारी दिए । हेरालोका अध्यक्ष धनराज पुरीले स्थापना दिवसको उपलक्ष्यमा सबैलाई शुभकामना दिदै ड्रमको सदुपयोग गर्न अनुरोध गरे ।

कम्पोस्ट मल बनाउन सिकाउदै हेरालोका पुर्व अध्यक्ष रोश गुरुङले फोहोर घरमा आफै आउने नभइ किनेर ल्याउने चिजबाट नै निस्कने भएकोले त्यसको ब्यवहारिक र बैज्ञानिक ब्यवस्थापनमा सबैले ध्यान दिनुपर्ने बताए । संगम सहकारीका अध्यक्ष नब राज तिवारीले राम्रो कार्यमा सहकार्य गर्न पाएकोमा हेरालो प्रतिष्ठान प्रति आभार व्यक्त गरे । हेरालोका पुर्व अध्यक्ष निरज थापाले २६ वर्ष अघि जापानमा हुँदा त्यहाँको फोहोरमैला ब्यवस्थापनबाट प्रभावित भएर उतै जन्मिएको हेरालोले पोखराको वातावरणको क्षेत्रमा कार्य गर्दै आएको र तत्कालीन पोखरा उपमहानगरपालिकाबाट उत्कृष्ट संस्थाको रूपमा सम्मानित पनि भएको स्मरण गरे । संगम सहकारीका वरिष्ठ ब्यवस्थापक बृहस्पति अधिकारीले संस्थागत प्रस्तुति राख्दै संस्थामा पर्याप्त तरलता र राम्रो जगेडा कोष भएको बताए ।

संगम सहकारीको शिक्षा उपसमिति सदस्य सरस्वती अधिकारीले हेरालोको नारा र आजको कार्यक्रमबाट आफू प्रभावित भएको बताइन् । कार्यक्रम संयोजक तिलक थापाले अर्को वर्ष कौसी खेती गर्नेहरुको बिचमा प्रतियोगिता गर्ने योजना सुनाए ।

# अन्नपूर्ण संरक्षण क्षेत्रको प्राकृतिक आकर्षणले पर्यटक लोभ्याउँदै

**वासुदेव पौडेल**
गण्डकी, १८ मंसिर/रासस



गण्डकी प्रदेशको राजधानी पोखरा प्राकृतिक सुन्दरताका साथै ऐतिहासिक सम्पदाका कारण विश्वमाझ परिचित छ । पोखरा मात्र नभई समग्र गण्डकी प्रदेशले प्रकृति, संस्कृति र साहसिक पर्यटनका कारण अन्तरराष्ट्रिय रूपमा चर्चा कमाइरहेको छ ।

विश्वमा हिमाल आरोहणको इतिहास रच्ने अन्नपूर्ण प्रथमदेखि गण्डकी प्रदेशका थुप्रै प्राकृतिक पर्यटकीय पूर्वाधारले स्वदेशी एवं विदेशी पर्यटकको मन लोभ्याएको छ । यस्तै प्राकृतिक पर्यटकीय पूर्वाधारमध्येको अन्नपूर्ण संरक्षण क्षेत्र यहाँको महत्त्वपूर्ण पर्यटकीय आकर्षक गन्तव्य हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत समेटिएको यस क्षेत्रको प्राकृतिक, संस्कृतिक सम्पदा र वातावरण जोगाउन, पर्यटकको सेवासुरक्षामा स्थानीय जनतासँग सहकार्य र समन्वय गर्दै एक्यापले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । एक्यापका प्रमुख रविन कडरियाका अनुसार यो संरक्षण क्षेत्र कास्कीको उत्तरी क्षेत्र, म्याग्दीको उत्तरपूर्वी क्षेत्र, मुस्ताङ, मनाङ र लमजुङ जिल्लाको उत्तरी क्षेत्र गरी कूल सात हजार ६२९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र स्वदेशी एवं विदेशी पर्यटकको लागि आकर्षक र रमणीय हुनुका साथै यहाँको प्राकृतिक सुन्दरता, भौगोलिक बनावट, मानव बस्ती, जैविक र सांस्कृतिक विविधताको प्रमुख भूमिका रहेको उहाँको भनाइ छ । यी सबैको सङ्गमका कारण अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने अन्नपूर्ण पदयात्रा मार्ग विश्वको दश उत्कृष्ट पदमार्गमा पर्न सफल भएको उहाँले उल्लेख गर्नुभयो । यस क्षेत्रमा पर्ने अग्ला र सुन्दर हिमाल, विशेषतः अन्नपूर्ण प्रथम, दोस्रो, तेस्रो, चौथो, अन्नपूर्ण दक्षित, माछापुच्छ्रे हिमाल, लमजुङ हिमालका साथै अधिकांश झरना तथा छहरा, हिमनदीलगायत प्राकृतिक सम्पदाले विश्वको ध्यान खिचिरहेको छ । एक्याप क्षेत्रमा पाइने विभिन्न प्रजातिका लालीगुराँसको जङ्गल, माथिल्लो मुस्ताङका सीमावर्ती हिमालय क्षेत्रका साथै विचित्रको भूबनोटले यसको आकर्षण बढ्दै गएको एक्यापका प्रमुख कडरियाले बताउनुभयो । उहाँका अनुसार पछिल्ला तीन वर्षको तथ्याङ्कले यहाँको पर्यटकीय आकर्षण झनझन बढ्दै गएको पुष्टि हुन्छ । प्रमुख कडरियाका अनुसार सन् २०२२ मा यस क्षेत्रमा एक लाख २९ हजार ७१८ विदेशी पर्यटक आएका थिए । सन् २०२३ मा एक लाख ९१ हजार ६६६, सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना पर्यटक आएका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्षको जनवरीदेखि नोभेम्बरसम्म दुई लाख ७३ हजार ६४६ जना पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरिसकेका छन् ।

सन् १९५० जुन ३ तारिखमा फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको थियो । समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइमा अवस्थित अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए । अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै अन्नपूर्ण क्षेत्र क्रमिक रूपमा पदयात्राका लागि पनि आकर्षक गन्तव्य बन्दै गएको एक्यापका प्रमुख कडरियाले बताउनुभयो । पछिल्ला समयमा अन्नपूर्ण संरक्षण क्षेत्रमा पदयात्रीको आगमन बढे पनि पदमार्ग क्षेत्रमा जथाभावी खनिएका बाटाका कारण पर्यटकको बसाइँ अवधि भने छोटिएको उहाँको बुझाइ छ ।

अन्नपूर्ण पदयात्रा क्षेत्रमा राउन्ड अन्नपूर्ण पदयात्रा डुम्रे, बेँसीसहर, मनाङ, मुक्तिनाथ, तातोपानी हुँदै पोखरासम्मका लागि २१ दिन लाग्ने पदयात्रा सडक विस्तार भएसँगै १२-१३ दिनमा छोटिएको ट्रेकिङ एजेन्सिज एसोसिएसन (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । "बाटो विस्तार भएसँगै २१ दिनको यात्रा १२-१३ दिनमा छोटिएको छ । ती जथाभावी खनिएका बाटोलाई व्यवस्थित गर्नु, पूर्वाधार विस्तार गर्नुपर्ने छ । यात्रा अवधि घटेसँगै पर्यटकलाई 'हाइ अल्टिच्युड'को समस्या कम भएको छ । छोटो अवधिमा अन्नपूर्ण पदमार्गमा यात्रा गर्न पाउँदा समयको बचत पनि भएको छ", उहाँले भन्नुभयो ।

लामो पदयात्रा गर्न चाहने पदयात्रीको पदयात्रा अवधि लम्ब्याउने गरी शीघ्र अन्य वैकल्पिक मार्गको खोजी गर्नुपर्नेमा जोड दिँदै टानका अध्यक्ष आचार्यले सोको व्यवस्था नगरिएको अवस्थामा यहाँ आउने पर्यटक अन्यत्र मोडिन सक्ने सम्भावनालाई बेलैमा ख्याल राख्नु जरुरी रहेको बताउनुभयो ।

पछिल्लो तथ्याङ्कका आधारमा सबैभन्दा बढी भारतीय पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका जानकारी दिँदै उहाँले गत साउन १ गतेदेखि हालसम्म ४५ हजार ७३६ जना भारतीय पर्यटकले यस क्षेत्रको भ्रमण गरेका उल्लेख गर्नुभयो । त्यसपछि बढी भ्रमण गर्ने विदेशीमा क्रमशः बेलायत, फ्रान्स, अमेरिका, जर्मनी, इजरायल, चीन, अष्ट्रेलिया, साउथ कोरिया र मलेसियाका पर्यटक रहेका उहाँले जानकारी दिनुभयो ।

पछिल्लो समय यस संरक्षण क्षेत्रका लोमान्थाङ, विश्वकै उच्च स्थानमा रहेको तिलिचो ताल, अन्नपूर्ण आधार शिविर, मर्दी हिमाललगायत पदयात्रा क्षेत्रमा बढी सङ्ख्यामा पर्यटक आउने गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्रा एवं भ्रमणका लागि भारतीय पर्यटकले रु एक हजार प्रवेश शुल्क बुझाउनुपर्छ भने अन्य विदेशी पर्यटकले रु तीन हजार शुल्क बुझाउनुपर्छ । यस क्षेत्रमा पर्ने कास्कीको मादी गाउँपालिकास्थित नेपालकै कम उचाइमा रहेको कपुचे हिमताल पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बनेको मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्ला समयमा म्याग्दीतर्फको अन्नपूर्ण नर्थ बेस क्याम्प पनि स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक गन्तव्य बनेको छ ।

# पर्यटन र सामाजिक विकास कार्यालयको एकिकृत सेवा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ मंसिर

गण्डकी प्रदेश सरकारअन्तर्गतका दुई कार्यालयले बागलुङ सदरमुकामबाट एकिकृत सेवा दिन थालेका छन् । प्रदेश सरकारको निर्णय बमोजिम दुई कार्यालय एकै ठाउँमा गाभिएर एकिकृत सेवा कार्यालयको रुपमा सञ्चालन गरिएको छ ।

प्रदेश सरकार मातहतमा रहेको उद्योग तथा पर्यटन कार्यालय र सामाजिक विकास कार्यालय गाभिएपश्चात एकिकृत रुपमा सेवा कार्यालयको रुपमा सञ्चालन गरिएको छ । एकिकृत कार्यालय साविकको उद्योग पर्यटन कार्यालयबाट सञ्चालन गरिएको कार्यालय प्रमुख पारसिंङ थापाले जानकारी दिनुभयो ।

कार्यालयको बुधबार प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले औपचारिक शुभारम्भ गर्नुभएको थियो । गुरुङले सेवा लिन आएका सेवाग्राहीको उद्योग दर्ता तथा नविकरणको सिफारिस प्रदान गरेर सेवा सञ्चालन गर्नुभएको थियो । प्रदेश सरकारले मितव्ययीता कायम र सेवा प्रवाहलाई प्रभावकारी बनाउनका निम्ती कार्यालय गाभेर एकिकृत गरेको हो । एकिकृत सेवा कार्यालयले उद्योग, पर्यटन तर्फ दर्ता नविकरण, तालिम सञ्चालन पर्यटकीय क्षेत्रमा पुर्वाधार निर्माण लगायतका कार्य गर्ने छभने सामाजिक विकास तर्फबाट लक्षित वर्गका कार्यक्रम सञ्चालन र विद्यालय तथा मठमन्दिर लगायतका क्षेत्रको पूर्वाधार निर्माणका काम हुनेछन् । हाल साविकको उद्योग पर्यटन कार्यालयबाट मुख्य कामकाज सञ्चालन गरिएता पनि साविकको सामाजिक विकास कार्यालयमा सामाजिक विकास तथा शिक्षा शाखा सञ्चालन गरिएको कार्यालय प्रमुख थापाले जानकारी दिनुभयो ।

कार्यालय एउटै भए पनि प्रदेश मन्त्रालय भने दुई रहेका छन् । प्रदेश सरकार उद्योग पर्यटन मन्त्रालय र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय रहनेछ । गत साउनमा प्रदेश सरकारले विभिन्न सात वटा निर्देशनालय खारेज गर्ने र ३२ कार्यालयलाई एकापसमा गाभेर १७ वटामा सीमित गर्ने निर्णय गरेको थियो ।

# कृषि विभागले १२औँ विश्व माटो दिवस मनाउने

**रासस**
काठमाडौं, १८ मंसिर

नेपालमा प्रतिवर्ष माथिल्लो सतहको करिव एक दशमलव सात मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको छ ।

कृषि विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालको माटोमा औषत दुई दशमलव ५९ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको हो । गत वर्ष नेपालको माटोमा औषत दुई ७७ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको थियो ।उक्त तथ्याङ्कअनुसार देशभर करिब २८ प्रतिशत माटोमा नाइट्रोजन कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च पाइएको छ। तराईको माटोमा हिमाल र पहाडको तुलनामा नाइट्रोजनको मात्रा कम पाइएको छ । फस्फोरसको स्तर करिब ३५ प्रतिशत माटोमा कम, २१ प्रतिशत माटोमा मध्यम र ४४ प्रतिशत माटोमा उच्च पाइएको छ । पोटासको स्तर करिब २८ प्रतिशत माटोमा कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च रहेको देखिन्छ । देशको अधिकांश माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएको छ । करिब ३७ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाइएको हो । कृषि विभागका महानिर्देशक प्रकाश सन्जेलका अनुसार पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लीय रहेको छ । गत वर्ष करिब ५३ प्रतिशत माटो अम्लीय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो क्षारीय प्रकृतिको पाइएको थियो । विशेषगरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्राङ्गारिक पदार्थको मात्रा कम छ । गत वर्ष ३६ दशमलव नौ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४६ दशमलव सात प्रतिशत माटोमा मध्यम र १६ दशमलव चार प्रतिशत माटोमा उच्च मात्रामा प्राङ्गारिक पदार्थ पाइएको थियो ।

# एमालेले महाधिवेशनमा विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने

**रासस**
काठमाडौं, १८ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने भएको छ ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले नेतृत्व चयन प्रक्रिया छिटो छरितो बनाउन यसपटक पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने बताउनुभयो । एमालेले यसअघि चितवनमा सम्पन्न १०औँ राष्ट्रिय महाधिवेशनमा पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गरेको थियो । "हामीले नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने निर्णय गरेका छौँ" उहाँले भन्नुभयो, "टेण्डर आव्हान भइसकेको छ । चाँडै नै कुन कम्पनीले गर्ने भन्ने निर्णय हुन्छ ।" महाधिवेशनले यसपटक एमालेमा १५ पदाधिकारीसहित २५१ जना केन्द्रीय कमिटी चयन गर्ने छ । गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनले पारित विधान संशोधन प्रस्ताव केन्द्रीय कमिटी सङ्ख्या घटाएको थियो । एमाले महाधिवेशनमा करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुने छन् ।